# सीप परीक्षण मुल्याकंनकर्ताको तालीमका सहभागिछनौट गर्ने आधारहरु

राष्ट्रिय सीप परीक्षण समितिले प्रारम्भिकतह देखि तह ४ सम्म २६५ भन्दाबढीबिभिन्नव्यवसायमा सीपप्रमाणिका तयार पारी सीप परीक्षण गर्दै आएको छ । समितिले हाल सम्म १,९२,५०७ जनाको सीप परीक्षण संचालन गरी १,४०,००० भन्दाबढीजनाको प्रमाणिकरणगर्ने कार्य समेत गरी सकेको छ । सीप परीक्षण संचालनगर्नको लागि हरेक व्यवसायको लागि सम्बन्धित व्यवसायका ३ जनाबिज्ञहरुको आवश्यकता पर्दछ । सीप परीक्षणमा मूल्याकंनकर्ताको रुपमा काम गर्नको लागि सोही पेशा वा व्यवसायमा कम्तीमा पनि परीक्षण हुने तह भन्दा १ तह माथिको बिज्ञको आवश्यकता पर्दछ । तर कतिपय यस्ता व्यवसायहरु पनिछन् जसमा पहिला सीप परीक्षण संचालन भएको पनि छैन र सो व्यवसायको औपचारीक शिक्षाको पनि व्यवस्था छैन ।

तसर्थ यी माथीका तथ्यहरुलाई मनन गर्दै सीप परीक्षण मुल्याङ्कनकर्ताको तालीमका सहभागि छनौट गर्दा अपनाइने आधारहरु यस प्रकार छन्,

(१)औपचारीक अध्ययन अध्यापनहुने संकायमा कम्तीमा प्राबिधिक एस.एल.सी. वा सीप परीक्षण तह २ उतिर्ण गरी २ बर्षको कार्य अनुभव भएको (माथिल्लो योग्यता भएकालाई बिशेष प्राथमिकता दिइनेछ) ।

**वा**

औपचारीक अध्ययन अध्यापन नहुने बिषयको हकमा सम्बन्धित पेशा माकम्तीमा पनि सीप परीक्षण तह २ उतिर्ण गरी २ बर्षको कार्य अनुभव वा तह १ उतिर्ण गरी ३ बर्षको कार्य अनुभव भएको ।

**वा**

हालसम्म सीप परीक्षण संचालन नभएका तथा औपचारिक अध्ययन, अध्यापन नभएका बिषयको हकमा सम्बन्धित व्यवसायमा ५ बर्षको कार्य अनुभव भएको ।

(२) १६ बर्ष पुरा भएको नेपाली नागरिक ।

(३) प्राविधिक र व्यावसायिक शिक्षा तथा उद्योगहरुमा कार्यरत भई संस्थागत सिफारिश भएका व्यक्तिहरुलाई छनौटमा प्राथमिकता दिइनेछ ।

## सीप परीक्षण मुल्याङ्कन कर्ता तालीमको लागि संभावित व्यवसायगत क्षेत्रहरु :

राष्ट्रिय सीप परीक्षण समितिबाट स्वीकृत व्यवसायगत सीप प्रमाणिका र भविष्यमा नयाँ निर्माण हुने व्यवसायगत सीप प्रमाणिका अनुसारका व्यवसायगत क्षेत्रहरु ।

# <u>सीप परीक्षण मेनेजर तालीमका सहभागि छनौट गर्ने आधारहरु</u>

राष्ट्रिय सीप परीक्षण समितिले प्रारम्भिकतह देखि तह ४ सम्म बिभिन्न २६५ व्यवसायमा सीप प्रमाणिका तयार पारी सीप परीक्षणगर्दै आएको छ । सीप परीक्षण कार्यलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि प्रशासनिक क्षेत्रका व्यक्तिहरुका साथै बिगतबर्ष देखि सीप परीक्षण मुल्याकंन कर्तालाई पनि सीप परीक्षण मेनेजरको रुपमा परीचालन गर्ने गरिएको छ । जसको लागि उनिहरुलाई सीप परीक्षणको प्रकृयाको बारेमा अभिमुखिकरण गर्ने अभिप्रायले २ दिनको तालिम प्रदान गर्ने गरिन्छ । उक्त तालिमको लागि सहभगि छनौटका आधारहरु यस प्रकार निर्धारण गरिएको छ ।

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि संकायमा कम्तिमा पनि स्नातक तह उतिर्ण गरी कुनै पनि सरकारी, गैर सरकारी, अर्ध सरकारी वानिजी क्षेत्रमा कम्तिमा पनि ५ बर्ष कार्य अनुभवभएको ।

२) १८ बर्ष पुरा भएको नेपाली नागरिक ।

*नोटः परिषद् सेवामा अधिकृत स्तरको पदमा कार्यरत कर्मचारीको हकमा शैक्षिक योग्यताको बन्देज लगाइने छैन ।*